"पाँचखाल नगर–कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमति ~~३ नं.~~ प्रदेश, नेपाल

प.सं. :०७६/७७
च.नं. :

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

मितिः २०७७/०२/०२

सूचना ! सूचना !! सूचना !!!

**पाँचखाल नगरपालिकामा बैंकिङ सेवा प्रवाह गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा मिति २०७७/०२/०२ गते नगरपालिकाकाको संयोजनमा बसेको पाँचखाल क्षेत्रका बैंकका शाखा प्रबन्धकहरु एवं प्रतिनिधिसँगको संयुक्त बैठकको निर्णय अनुसार देहायको बैंकहरु देहायको दिनमा बैंकिङ सेवा प्रवाहको लागि खुल्ला रहने व्यहोरा पाँचखाल नगरबासी सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. देव विकास बैंक - आइतबार र बुधबार
२. लक्ष्मी बैंक - आइतबार र बुधबार
३. एन.सि.सि बैंक - आइतबार र मंगलबार
४. कृषि विकास बैंक - बिहीबार र शुक्रबार
५. नेपाल बैंक - सोमबार र मंगलबार
६. प्रभू बैंक - सोमबार र बिहीबार
७. सिन्धू विकास बैंक - आइतबार र बुधबार
८. नविल बैंक - सोमबार र बिहीबार
९. एन.आई.सी एसिया बैंक - मंगलबार र शुक्रबार

**नोटः** सम्बन्धित बैंकका सेवाग्राहीको अनुरोधमा बैंकहरुले उल्लेखितभन्दा थप दिनहरुमा समेत सेवा प्रवाह गर्न सक्नेछन् ।

२०७७/०२/०२
..............................
राजेश बज्राचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७ साल जेष्ठ २ गते शुक्रबारको दिन यस पाँचखाल नगरपालिकाका शाखा अधिकृत श्री राजेश् वञ्जारा ज्यूको संयोजकत्वमा र अधिकृत छैठौं श्री कल्याण सुवेदी ज्यूको संयूक्त उपस्थितिमा पाँचखाल नगरपालिका क्षेत्रमा सञ्चालित बैंकका बैंक प्रवन्धक ज्यूहरुको साथमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल गरी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| क्र.स | नाम | पद | सम्बन्धित कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | राजेश बञ्जारा | शाखा अधिकृत | पाँचखाल न.पा. | ९८४९०११७८० | |
| २. | कल्याण सुवेदी | अधिकृत छैठौं | पाँचखाल न.पा. | ९८४१३६५८३२ | |
| ३. | मिलन कार्की | सह- लेखापाल | पाँचखाल न.पा. | ९८५११६९६३४ | |
| ४. | विष्णु मणी नेपाल | बैंक प्रवन्धक | देव विकास बैंक | ०११-४९९०४८ | |
| ५. | प्रमोद चौंलागाई | बैंक प्रवन्धक | लक्ष्मी बैंक | ९८४१३४४८४७ | |
| ६. | | बैंक प्रवन्धक | एन.सि.सि बैंक | | |
| ७. | विनोद प्र. ढुङ्गाना | बैंक प्रवन्धक | कृषि विकास बैंक | ९८५११६३४९६ | |
| ८. | मुरारी कोइराला | बैंक प्रवन्धक | नेपाल बैंक | ९८५११२१५०६ | |
| ९. | विनोद बोलखे | बैंक प्रवन्धक | प्रभू बैंक | 9741003310 | |
| १०. | कविता [illegible] | बैंक प्रवन्धक | सिन्धू विकास बैंक | | |
| ११. | टिका दत्त ~~कोइराला~~ पौडेल | बैंक प्रवन्धक | नविल बैंक | ९८५११३९१११ | |
| १२. | अमृत मान श्रेष्ठ | बैंक प्रवन्धक | एन.आई.सि. एसिया बैंक | ९८५१२०५३५६ | |
| १३. | पदम कुमार दनुवार | कम्प्यूटर अपरेटर | पाँचखाल न.पा., सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | ९८४११०२४९६ | |
| १४. | सीता कुमारी तामाङ | एम.आई.एस. अपरेटर | पाँचखाल न.पा., सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | ९८४११०००५९ | |

*आमन्त्रित उपस्थिति:*

| क्र.स | नाम | पद | सम्बन्धित कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

*प्रस्तावहरु:*

१. लक डाउनको समयमा बैंकिङ तथा वित्तीय सेवा प्रवाहको सम्बन्धमा ।
२. सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंक सम्झौता सम्बन्धमा ।
३. विविध ।

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा कोभिड-१९ रोगका कारण नेपाल सरकारले देश भर लागु गरेको लक डाउनको समयमा यस पाँचखाल नगरपालिकाका सर्वसाधारण जनताहरुमा बैंकिङ तथा वित्तीय सेवा लिन असहज परिस्थिति नहोस भन्नाको लागि तपशिल बमोजिमका बारहरुमा बैंकिङ सेवा प्रवाह गर्ने निर्णय गरियो ।

| क्र.स | बैंकको नाम | बार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | सुक्रबार | कैफियत |
| १ | देव विकास बैंक | ✓ | | | ✓ | | | |
| २ | लक्ष्मी बैंक | ✓ | | | ✓ | | | |
| ३ | एन.सि.सि बैंक | ✓ | | ✓ | | | | |
| ४ | कृषि विकास बैंक | | | | | ✓ | ✓ | |
| ५ | नेपाल बैंक | | ✓ | ✓ | | | | |
| ६ | प्रभू ~~विकास~~ बैंक | | ✓ | | | ✓ | | |
| ७ | सिन्धू विकास बैंक | ✓ | | | ✓ | | | |
| ८ | नविल बैंक | | ✓ | | | ✓ | | |
| ९ | एन.आई.सि एसिया बैंक | | | ✓ | | | ✓ | |

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले मिति २०७७।०१।२८ को च.नं. १४११ को पत्रमा उल्लेखित निर्देशन अनुरुप यस पाँचखाल नगरपालिका र सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आइरहेका बैंकहरुसँगको यस अघि गरिएको बैंक सम्झौताको सट्टामा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले पठाएको नमुना सम्झौता अध्यक्ष गरी सो सम्झौतामा उल्लेख भएअनुसारको अनुसूचि-४ बमोजिमका बुँदाहरु सामवेश गरी द्विपक्षीय सम्झौता गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग पठाउने निर्णय गरियो ।